प्रेस विज्ञप्ति

जटिल भौगोलिक र भौगर्भिक अवस्था, परिवर्तित जलवायूजन्य प्रक्रिया, अस्थीर सामाजिक तथा आर्थिक अवस्था, कमजोर संस्थागत क्षमता लगायतका कारणले गर्दा नेपालमा निरन्तर विपद्जन्य घटना घट्ने गरेका छन् । समय समयमा घट्ने विभिन्न विपद्जन्य घटना, गोरखा भूकम्प र त्यस पछिका पुनर्स्थापना र पुनर्निर्माणका चुनौतीहरुले विपद् जोखिम न्यूनीकरण मैत्री विकास निर्माण पद्धतिलाई अवलम्बन गर्नु पर्ने अवस्था सिर्जना भएको छ । विकास निर्माणका प्रत्येक चरणमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र तत्सम्बन्धी व्यवस्थापनको समायोजनबाट समग्र विकास प्रक्रियालाई उत्थानशील बनाउन सकिन्छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन आदीले स्थानीय स्तरमा विपद्को पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना लगायत विपद् व्यवस्थापनको कार्यमा स्थानीय तहलाई जिम्मेवार बनाएको छ । यस परिदृष्यमा स्थानीय तहको क्षमता अभिबृद्धी गरी स्थानीय विकासलाई उत्थानशील बनाउन सकेमा मात्र दिगो विकास लक्ष्य, सेन्ढाई कार्यढाँचा, पेरिस सम्झौता लगायत विभिन्न अन्तर्राष्ट्रिय स्तरमा गरिएका पहलहरुलाई सार्थक तुल्याउँदै उत्थानशील समुदाय र राष्ट्र निर्माण गर्ने लक्ष्य हासिल गर्न सकिने हुँदा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुको लागि नमुना रणनितिको रुपमा **"उत्थानशील स्थानीय समुदायका लागि गाउँपालिका/नगरपालिकाको रणनिति, २०७५"** उपलब्ध गराएको छ ।

स्थानीय तहहरुले आफ्नो परिवेश अनुकुल उत्थानशील समुदाय निर्माणको रणनीति मार्फत सम्पूर्ण विकास निर्माण प्रक्रियामा विपद् व्यवस्थापनलाई मुलप्रवाहिकरण गर्दै विपद् जोखिम न्यूनीकरणकालागि आफुलाई तयार गर्न सकेमा लक्ष्य अनुरुपको उत्थानशील समाज निर्माण गर्न सहयोग पुग्ने हुँदा उत्थानशील समुदाय निर्माणको रणनीति स्विकृत गरि कार्यान्वयनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय हार्दिक अपिल गर्दछ ।

मिति:२०७५/०८/१४

सह-सचिव एवं प्रवक्ता

(सुरेश अधिकारी)